नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

## पाठ्यपुस्तक छपाइ तथा वितरण गर्न मुद्रक तथा वितरक फर्म/संस्थाहरू नवीकरण तथा सूचीकरण गरिएको सूचना

(प्रकाशन मिति : २०७८।११।१२)

विद्यालय पाठ्यपुस्तक तथा पाठ्यसामग्री छपाइ तथा वितरण निर्देशिका, २०६७ बमोजिम शैक्षिक सत्र २०७९ का लागि देशभरका विद्यालयमा कक्षा एकदेखि तीनसम्मका पाठ्यपुस्तक आफ्नै लगानीमा छपाइ गरी बिक्री वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरूलाई प्रोफाइलसहित नवीकरण तथा नयाँ प्रस्ताव पेस गर्न यस केन्द्रबाट मिति २०७८।१०।१० गते प्रकाशित सूचनाअनुसार म्यादभित्र रितपूर्वक प्रस्ताव पेस गरेका, तोकिएको मापदण्ड पूरा गरेका देहायबमोजिमका फर्म/संस्थाहरूलाई निर्देशिकाको परिच्छेद ११ को दफा ३५(१) बमोजिम मिति २०७८।११।१२ गतेको निर्णयानुसार नवीकरण तथा सूचीकरण गरिएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०७८।११।१२

**डा. गणेशप्रसाद भट्टराई**
निर्देशक

### नवीकरण गरिएका फर्म/संस्था

| सि.नं. | फर्म/संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | लोकेन्द्र प्रिन्टिङ एन्ड पब्लिकेसन प्रा.लि. | धनगढी, कैलाली |
| २ | नयाँमुलुक प्रकाशन प्रा.लि. | नेपालगञ्ज, बाँके |
| ३ | ग्राफिक अफसेट पिन्टर्स प्रा.लि. | विराटनगर, मोरङ |
| ४. | जगदम्बा पब्लिकेसन प्रा.लि. | महेन्द्रनगर, कन्चनपुर |
| ५. | समा प्रिन्टर्स प्रा.लि. | भैंसेपाटी, ललितपुर |
| ६ | साइनो छापाखाना प्रा.लि. | विराटनगर, मोरङ |
| ७ | हंसवाहिनी प्रिन्टर्स एन्ड पब्लिकेसन प्रा.लि. | विराटनगर, मारङ |
| ८ | सहयात्रा प्रिन्टर्स एन्ड पब्लिसर्स प्रा.लि. | विराटनगर, मोरङ |
| ९ | ओम शिव प्रिन्टिङ प्रेस | क्षेत्रपाटी, काठमाडौं |
| १० | सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि. | ढुङ्गे अड्डा, काठमाडौं |
| ११ | स्मृति प्रिन्टिङ प्रेस प्रा.लि. | धोविधारा, काठमाडौं |
| १२ | स्वर्गद्वारी अफसेट प्रेस प्रा.लि. | शङ्खमुल, काठमाडौं |
| १३ | कालिका प्रिन्टिङ एन्ड प्याकेजिङ प्रा.लि. | भरतपुर, चितवन |
| १४ | चिरायु प्रेस एन्ड पब्लिसिङ प्रा.लि. | चाँगुनारायण, भक्तपुर |

### सूचीकरण गरिएका फर्म/संस्था

| सि.नं. | फर्म/संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | मनकामना प्रिन्टर्स एन्ड पब्लिसर्स प्रा.लि. | कटहरी, मोरङ |
| २ | श्रीहरि प्रिन्टर्स एन्ड बाइन्डिङ प्रा.लि. | सानेपा, ललितपुर |
| ३ | पेपरम्याक्स प्रिन्टिङ एन्ड पब्लिकेसन प्रा.लि. | सातदोबाटो, ललितपुर |

१. नवीकृत तथा सूचीकृत फर्म/संस्थाहरूले कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तकका मुद्रणीय प्रति (Print Ready copy/PRC) को छपाइ अनुमति प्राप्त गर्न यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र तपसिलबमोजिमको धरौटी र राजस्व रकम तोकिएको खातामा जम्मा गरी सक्कल भौचर यस केन्द्रमा पेस गर्न सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध गरिन्छ ।

**(क) धरौटी सम्बन्धमा**

नवीकृत फर्मले विगत वर्षमा जम्मा गरेको अद्यावधिक धरौटी भौचरको प्रमाणित प्रतिलिपि र सूचीकृत फर्मले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र ने.बै.लि. भक्तपुरस्थित को.ले.नि.का, भक्तपुरको धरौटी खाता नं. ka 2.3 01901000002003000001 कार्यालय कोड: ३५००२३३०१ मा रु. ५,००,०००।- (अक्षरेपि पाँच लाख रुपियाँ) धरौटीबापत नगद जम्मा गरेको सक्कल भौचर केन्द्रमा पेस गर्नुपर्ने छ ।

**(ख) राजस्व सम्बन्धमा**

नवीकृत फर्मले परिवर्तन नभएको मुद्रणीय प्रतिका हकमा प्रतिपुस्तक रु. ५०००।- (पाँचहजार) र परिवर्तित मुद्रणीय प्रतिका हकमा प्रति पुस्तक रु. १००००।- (दश हजार) एवम् सूचीकृत फर्मले प्रत्येक विषयको पुस्तकको मुद्रणीय प्रति प्राप्त गर्नका लागि रु. १००००।- (दशहजार) का दरले नेपाल बैङ्क लिमिटेड कमल विनायक भक्तपुरमा रहेको राजस्व शीर्षक १४२२३, राजस्व खाना नं. 101000000001001000, कार्यालय कोड: ३५००२३३०१ मा नगद जम्मा गरेको सक्कल भौचर केन्द्रमा पेस गर्नुपर्ने छ ।

२. छपाइ तथा वितरण सम्बन्धमा सिफारिस भएका फर्म/संस्थाहरूको यस केन्द्रबाट समय समयमा अनुगमन तथा निरीक्षण हुँदा नवीकरण तथा सूचीकरण भएका फर्म/संस्थाहरूले सूचीकरण तथा नवीकरणका लागि पेस गरेका प्रस्तावमा पेस भएको विवरणबमोजिम भएको नपाइएमा वा सोबमोजिम कार्य गर्न प्राविधिक रूपमा सक्षम भएको नपाइएमा त्यस्ता फर्म/संस्थाको नवीकरण तथा सूचीकरण जुनसुकै बखत रद्द गर्न सकिने छ ।

**थप जानकारीका लागि सम्पर्क** : फोन नं.६६३४९१६, ६६३०५८८,
websit: www.moescdc.gov.np